महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

कालिञ्चोक गाँउपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

क.स.	विवरण	रकम रु .	क.स.	विवरण	रकम रु
१.	गत आ.व को अ.ल्या	६२४११८५.००	१.	सामाजिक सुरक्षा (सशर्त)	१४७७१०००.००
२.	सामाजिक सुरक्षा	१४७७१०००.००	२.	स्वास्थ्य र आयूर्बेद (सशर्त)	२१३४५५३२.२७
३.	स्वास्थ्य (सशर्त)	२००८१०००.००	३.	शिक्षा (सशर्त)	१०८७५०७८०.६८
४.	शिक्षा (सशर्त)	१०६७७९०००.००	४.	कृषि र भेटनरी (सशर्त)	१०५१८९९.००
५.	कृषि र भेटेरोनरी (सशर्त)	९१००००.००	५.	युनिसेफ	१६३८६१९.००
६.	यूनिसेफ	७२२१३५०.००	६.	चालु खर्च	३१५५८०४९.४५
७.	सिबिन नेपाल	१००००००.००	७.	आर्थिक सहायता (चालु)	१४७५००.००
८.	चौरी महोत्सब	१०८०००.००	८.	कोलेनिका फिर्ता (चालु)	१००००००.००
९.	तामाकोशी	६००००.००	९.	समानीकरण (पूंजीगत)	११३९३०९७२.००
१०.	समानीकरण (चालु)	४११०२५००.००	१०.	बैक मौज्दात	३५७२११८२.६०
११.	समानीकरण (चालु) आ.स	१४७५००.००	११.		०.००
१२.	समानीकरण (पूंजीगत)	१२९०८४०००.००	१२.		०.००
१३.	आन्तरिक आम्दानी	२४१००००.००	१३.		०.००
	जम्माः	**३२९९१५५३५.००**		**जम्मा**	**३२९९१५५३५.००**

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु</th></tr>
<tr><td></td><td><u>वित्तीय कारोवार लेखापरीक्षण:</u></td><td></td></tr>
<tr><td>१.</td><td>लेखा स्रेस्ता : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गगर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि साविक जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किता, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता व्यवस्थीत नराखेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको समानिकरण तर्फ निकाशा भएको तथा शशर्ततर्फ निकासा भएको कृषि, पशु, शिक्षा , स्वास्थ्य शिर्षकअन्तर्गका श्रेस्ताहरु अलग अलग व्यबस्थीत गरेर नराखी केही भौचरहरु एकमुष्ठ तथा रुपमा राखी पुन बेग्लाबेग्लै रुपमा व्यबस्थीत गरि नराखेको जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाँउपालिकाहरुले सुत्र(SUTRA) सफ्टबेयर प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सो अनुसार सफ्टवयेर प्रयोग गरेको देखिएन । तोकिएको सफ्टवयेर प्रयोगमा ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>वार्षिक वजेट र खर्च- आर्थिक कार्यविधि नियमावली,२०६४ अनुसार कार्यालयले आफूलाई विनियोजित वार्षिक वजेटको सिमाभित्र रही खर्च गर्नु पर्दछ । गाँउपालिको आर्थिक बिबरण अनुसार निम्नानुसारको शिर्षकमा बजेटभन्दा बढि खर्च लेखेको अनियमित देखिएको रु
<table>
<tr><th>क्र.स.</th><th>विवरण</th><th>निकासा</th><th>खर्च</th><th>बढी खर्च</th></tr>
<tr><td>१.</td><td>स्वास्थ्य (सशर्त)</td><td>२००८१०००.००</td><td>२१३४५५३२.२७</td><td>१२६४५३२.२७</td></tr>
<tr><td>२.</td><td>शिक्षा (सशर्त)</td><td>१०६७७९०००.००</td><td>१०८७५०७८०.६८</td><td>१९७१७८०.६८</td></tr>
<tr><td>३.</td><td>कृषि र भेटेरोनरी (सशर्त)</td><td>९ १००००.००</td><td>१०५१८९९.००</td><td>१४१८९९.००</td></tr>
</table></td><td>३३,७८,२११/९५</td></tr>
</table>

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	जम्मा: ३३७८२११.९५	
३.	**बैक समायोजन-** गाँउपालिकाले आर्थिक बर्षको अन्तमा रु ३,५७,२१,१८२।६० बैक मौज्दात बाँकी देखाएको छ । बैक समायोजन हिसाब तयार नगरेकोले त्यति नै रकम बाँकी हो भनि यकिन गर्न सकिएन । गाँउपालिकाले बैक समायोजन हिसाब तयार गरी बाँकी रकम यकिन गर्नुपर्दछ ।	
४.	**आन्तरिक लेखापरीक्षण** आन्तरीक लेखापरीक्षण कार्यबिधि निर्देशिका २०७२ अनुसार चौमासिक रुपमा आन्तरीक लेखापरीक्षण गर्नुपर्ने व्यबस्था रहेको छ। गाँउकार्यपालिकाले यसबर्ष आन्तरीक लेखापरीक्षण गराएको छैन । जसबाट आन्तरीक नियन्त्रण तथा समयमै सुधार हुनसक्ने कुरा सुधार भएको छैन । नियम कानुनमा उल्लेख भएबमोजिम आन्तरीक लेखापरीक्षण गराई श्रेस्ता व्यबस्थीत रुपमा राख्नुपर्दछ ।	
	कानूनको परिपालना	
५.	**आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधभारमा यस गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । • मासिक र वार्षिक प्रतिवेदन तयार गरेको छैन, • बैंक समायोजन विवरण तयार गरेको छैन, • कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन, • परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन, • आन्तरीक नियन्त्रण प्रणाली तयार नगरेको • अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ । • सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन, • योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन, • निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन, • बैकमार्फत सामाजिक सुरक्षा भत्ता बितरण गरको छैन , • आयोजनाको भौतिक प्रगति सन्तोषजनक छैन, • अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन, • करको दायरा पहिचान भएको छैन, • पदाधिकारी तथा जनप्रतिनिधी लाई समेत पेश्की दिएको छ	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	● ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको छ, ● योजना हस्तान्तरण तथा खचंको सावंजनिक परीक्षण भएको छैन, ● योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कता गरेको कन्टिन्जेन्सीको खचंको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन, ● फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन, ● जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन, ● कानूनी व्यवस्था विपरित कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा दिएको देखियो ● राजस्बको श्रोतको पहिचान गरेको छैन , ● प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन, ● राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन, ● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन, ● प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन । ● राजस्वको रसिद नियन्त्रण खाता व्यबस्थीत नराखेको ● मर्मत अभिलेख खाता नराखेको ● खरिद कार्यपुर्ब खरिद आदेश, माग फारम लगायतका आधारभुत कागजात श्रेस्तासाथ सँलग्न गर्ने नगरेको	
६.	**कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्न योगदानमा आधारित उपादान, औषधिउपचार, कर्मचारी कल्याण कोष लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष कर्मचारी कल्याण खातामा कुनै प्रकारका रकम ल्याएको देखिएन । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ ।	
७.	**भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाँउपालिकामा यस वर्ष कुनै पनि भवन निर्माण अनुमति नदिएको गाँउपालिकाले पेश गरेको विवरणबाट देखिन्छ । गाँउपालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।	
८.	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	
९.	**स्थानीय तथ्याङ्क र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
	लेखापरीक्षणबाट देखिएका व्यहोरा :-	
१०.	**जनशक्ती व्यबस्थापन** : स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । गाँउपालिकाबाट दरबन्दी तथा पदपुर्तिको बिबरण पेश हुन आएन। जसबाट दरबन्दी अनुसार कति पदपुर्ति भई कति बाँकी छ एकिन गर्न सक्ने आधार भएन ।	
११.	**कन्टिन्जेन्सी खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको भएतापनि गाँउपालिकाले ४ प्रतिशत कन्टिन्जेन्सी कटाई भुक्तानी गर्ने गरेको छ । गाँउपालिकाबाट कन्टेन्जेन्सी खर्चको बिबरण माग गरेकोमा अभिलेख नराखेको र बिबरण समेत उपलब्ध नगराएकोले ४ प्रतिशतको हदभित्र खर्च गरेको छ भन्न सकिने आधार भएन । नियमानुसार योजनागत रुपमा कन्टेन्जेन्सी खर्चको अभिलेख राखि नियमको पालन गर्नुपर्दछ ।	
१२.	**स्थलगत निरीक्षण:-** गाँउपालिकाले यसवर्ष सबै निर्माण कार्य उपभोक्ता एबं निर्माण व्यवसायीबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन २०७४को दफा ७८(३) अनुसार गाँउपालिकाको अध्यक्ष, प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । सो अनुसार गाँउपालिकाले योजनाहरु वडा अध्यक्षबाट र सो भन्दा माथिको योजनाहरु गाँउपालिकाको उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी सम्पन्न निर्माण कार्यको भुक्तानीका लागि सिफारिस गर्ने गरेको छ । अनुगमन पश्चात दिएको प्रतिबेदनमा निर्माण कार्यको बिस्तृत बिबरणमा उल्लेख नहुँदा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन । अत: कामको गुणस्तर कायम भए नभएको अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ ।	
१३.	**चौमासिक खर्च सन्तुलन** : स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार तोकिएबमोजिम चौमासिक रुपमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यलयले तोकिएको ढाँचामा चौमासिक खर्चको बिरवरण उपलब्ध नगराएकोले उक्त खर्चको बिश्लेषण गर्न सकिएन । लेखापरीक्षणको क्रममा तेश्रो चौमासिकमा बढि खर्च गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमाा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सँचालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ ।	
१४.	**जिन्सी व्यबस्थापन:-** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ४७ मा कार्यालयमा प्राप्त भएको र खरीद गरिएको जिन्सी सामानहरुलाई खप्ने जिन्सी खातामा आम्दानी बाँधी जिन्सी अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था छ । गाँउपालिकाले नियमाबलीमा व्यबस्था भएबमोजिम कार्यालय प्रमुखबाट प्रमाणीत गराई दालिखा नं, जिन्सी खाता पाना नम्बर उल्लेख गरि जिन्सी	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	आम्दानी तोकिए अनुसार राखेको पाईएन। यसबाट जिन्सी व्यवस्थापन प्रभावकारी भयो भनि यकिन गर्ने आधार भएन । नियमालबलीको परिपालनामा ध्यान दिई जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ ।	
१५.	**नापी किताब प्रबिष्टी एवं अभिलेख** : निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । गाँउपालिकाले तयार गरेको नापी किताबमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ । गाँउपालिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने देखिन्छ । तसर्थ नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ ।	
१६.	**आयोजना हस्तान्तरण :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको १२७ भन्दा बढि आयोजनाहरु नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । समपन्न आयोजनहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।	
१७.	**उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।	
१८.	**सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुबाई :-** स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरि बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ ।	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
१९.	**मु.अ.कर भुक्तानी-** सार्बजनिक खरीद नियमाबली २०६४ को नियम ९७ मा जनसहभागीता, कन्टेन्जेन्सी र मु.अ.कर रकम कटाएर मात्र उपभोक्तालाई भुक्तानी गर्नुपर्ने व्यबस्था छ। पालिकाले मु.अ.कर लाग्ने सामानको मु.अ.कर समाावेश गरि कार्यसम्पन्न प्रतिबेदन तयार पारेको छ र सो को कर बिजक समेत पेश गरि मु.अ.कर समेत भुक्तानी गरेको पाइयो । नियमाबलीको व्यबस्था अनुसार मु.अ.कर रकम उपभोक्ताले व्यहोर्ने गर्नुपर्दछ ।	
२०.	**लक्ष प्रगति :** आर्थिक कार्यबिधी नियमाबली २०६४ को नियम २५ अनुसार बजेट तथा कार्यक्रम गर्ने प्रत्येक कार्यालयले अनुसुची २ को ढाँचामा चौमासिक प्रगति बिबरण तयार गर्नुपर्ने र नियम २६ बमोजीम तालुक निकायले त्यस्तो भौतिक तथा बित्तिय प्रगतिको समिक्षा गरि प्रगति कम हुनुका कारण पहिचान गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उपरोक्त व्यबस्था अनुसार आफुले गरेको बार्षिक कार्यक्रमको प्रगति बिबरण तयार गरेको देखिएन । प्रगति बिबरण तयार नभएबाट समग्र कामको मुल्याँकन हुन सक्ने देखिएन । नियमाबलीको व्यबस्था अनुसार प्रगति बिबरण तयार गरि सम्पन्न कामको मुल्याँकन गर्ने व्यबस्था गर्नुपर्ने देखिन्छ ।	
	समानिकरण पुजिँगततर्फ	
२१.	**लागत अनुमान एबं कार्यसम्पन्नमा फरक नदेखिएको :-** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) (ख) मा उपभोक्ता समितिले गर्ने कामको लागत अनुमान सम्बन्धीत निकायको प्राबिधिकले तयार गर्ने र निर्माण कार्य सम्पन्न भएपछि नियम ९७(११) बमोजिम सोही सम्बन्धीत निकायको प्राबिधिकले नापजाच गरेर भुक्तानी दिनुपर्ने व्यबस्था छ । उपभोक्ता समितिले मेसिन प्रयोग गरेको काममा नरम माटो काट्ने, कडा माटो काट्ने , नरम ढुँगा काट्ने र मध्यम ढुँगा काट्ने कामको अनुपातको लागत अनुमान एबं कार्यसम्पन्न गरी गरेको नापी किताबमा समेत एउटै देखिँदा प्राबिधिक कर्मचारीले स्थलगत कामको अबस्था एकिन नगरी नापी किताब तयार गर्ने गरेको छैन भन्न सकिएन । यथार्थ काम अनुसार नापजाँच गरि भुक्तानी गर्नुपर्दछ । लागत अनुमान र नापी किताब बराबर देखाई भुक्तानी भएको काममध्ये केही उदाहरण यसप्रकार रहेका छनः-	

भौ.नं.मिति	निर्माण काम	कार्यसम्पन्न	लागत अनुमान					कार्यसम्पन्न					भुक्तानी
			नरममाटो	कडामाटो	नरमकट्टान	मध्यमचट्टान	कडाचट्टान	नरम	कडा	नरमचट्टान	मध्यमचट्टान	कडा चट्टान	
३८-२०७५/३/७	पाडेखोला मलेखु कृषि सडक	१०९२९६३	५२	४४	३.५	०	०.५	५२	४४	३.५	०	०.५	९६००००
४६-२०७५/३/७	गुजर्पा सडक	८६१२५५	५०	४४	५	०	१	५०	४४	५	०	१	७६८०००
६५-२०७५/३/२४	सोरुङ्ग खोला-कालिञ्चोक	१०८३०९०	५०	४४	५	०	१	५०	४४	५	०	१	९६००००
२२९-२०७५/३/२५	कुबिण्डे-नर्मीबञ्चरे सडक	१०६९३८८.७९	४३	५४.५	२	०	०.५	४३	५४.५	२	०	०.५	९६००००

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु</th></tr>
<tr><td>२२.</td><td>अन्य व्यक्ति/संस्था वा समूहको भुक्तानी- आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नुपुर्ब उक्त आयोजना आफ्नो कार्य क्षेत्रभित्रको हो होईन एकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाँउपालिकाले खर्च गर्दा गुणत्मका प्रतिफल आउने कृयाकपालहरुमा खर्च गर्न अग्रसर हुनुपर्दछ । गाँउपालिकाले सो कुरा बिचार नगरी निम्नानुसार निजी सँस्थाको काममा तथा गाँउपालिकाको पुर्बाधार, आयमूलक कार्यभन्दा बेगरको सस्था तथा व्यक्तिको लागि खर्च गरको अनियमित देखिएको रु
<table>
<tr><th>भौ.नं.मिति</th><th>संस्थाको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>४०-२०७५/३/७</td><td>दुग्ध तथा सहकारी चिस्यान केन्द्र वडा नं.९</td><td>भवन निर्माण</td><td>६०००००</td><td>गा.पा.लाई के फाइदा सम्झौता छैन ।</td></tr>
<tr><td>५०-२०७५/३/२२</td><td>दुग्ध तथा सहकारी चिस्यान केन्द्र वडा नं.९</td><td>चिलिङ्ग भ्याट मेशिन खरिद</td><td>४९५४८३</td><td>सामान दाखिला छैन ।</td></tr>
<tr><td>५९-२०७५/३/२५</td><td>महिला सशक्तिकरण कल्याण नेपाल</td><td>फर्निचर खरिद</td><td>३०००००</td><td>सामान दाखिला छैन ।</td></tr>
<tr><td>७१-२०७५/३/२५</td><td>बोइलर कुखुरापालन समूह</td><td>कुखुरा खरिद एवं सेड निर्माण</td><td>५०००००</td><td>गा.पा.लाई हुने फाइदा उल्लेख छैन ।</td></tr>
<tr><td>२११-२०७५/३/२५</td><td>मुकुन्द शिवाकोटी उपभोक्ता समिति</td><td>चिस्यान केन्द्र भवन निर्माण वडा नं.९</td><td>६०००००</td><td>" " "</td></tr>
<tr><td></td><td></td><td>जम्मा:</td><td>२४९५४८३</td><td></td></tr>
</table></td><td>२४,९५,४८३/-</td></tr>
<tr><td>२३.</td><td>कार्यसम्पन्न प्रतिवेदन नभएको: सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई पेश गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकोले गो.भा.नं ५७(क)/२०७५/३/२५ बाट सफलता कृषक समुह लाई अकबरे खुसानी खेती कार्यक्रमको लागी उपभोक्तासमितिलाई निर्माण कार्यबापत भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिबेदन पेश नभएको रु</td><td>५,००,०००/-</td></tr>
<tr><td>२४.</td><td>कर कट्टा नगरेको :- आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक आयकर, दफा ८८ मा भाडा ढुवानी कर र दफा ८९ मा अग्रिम आयकर तथा नियमानुसारको भक्ता रकममा पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँकार्यपालिकाले देहायका विभिन्न कार्यक्रम संचालन वापत कट्टा गर्नुपर्ने निम्नानुसार सम्बन्धीबाट असुल गरी राजस्व खातामा दाखिला हुनुपर्ने रु
<table>
<tr><th>भौ.नं मिति</th><th>कामको विवरण</th><th>पार्टीको नाम</th><th>भुक्तानी</th><th>कर प्रतिशत</th><th>कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>३-२०७४/४/२७</td><td>५ बर्षे मार्गदर्शन गोष्ठी</td><td>डेभलपमेण्ट रिसर्च एण्ड प्लानिङ्ग कन्सल्टेन्सी</td><td>११८६६५</td><td>१३.५ %</td><td>१६०१९.७७</td><td>१.५% कट्टा भैसकेको</td></tr>
<tr><td>६-२०७४/५/२६</td><td>कटुवचौर ईन्द्रावती सडक उ.स.</td><td>मष्टररोल खर्च</td><td>६८७०००</td><td>१%</td><td>६८७०</td><td></td></tr>
<tr><td>३६-२०७५/३/७</td><td>कल्याणी महिला सञ्जाल</td><td>कोठा भाडा</td><td>१२०००</td><td>१०%</td><td>१२००</td><td></td></tr>
<tr><td>६२-२०७५/३/२५</td><td>दलित स्वावलम्बन</td><td>मेशिन ढुवानी</td><td>१००००</td><td>१०%</td><td>१०००</td><td></td></tr>
</table></td><td>५८४९७.७७</td></tr>
</table>

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु

	उ.स.					
१०४-२०७५/३/२५	कालिञ्चोक ३ खेल मैदान निर्माण उ.स.	अप्सरा बिल्डर्स	२९१०००	१.५%	४३६५	
१०७-२०७५/३/२७	बजिनी संस्कृतग्राम सडक निर्माण उ.स.	अप्सरा बिल्डर्स	१९३६२००	१.५%	२९०४३	
		जम्माः			**५८४९७.७७**	

२५. **खर्च पुष्टि हुने प्रमाणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (८) अनुसार खर्च पुष्टि हुने प्रमाण तथा भुक्तानी दिन रीत पुगेको हुनुपर्ने व्यबस्था छ । निम्न भुक्तानीमा खर्च पुष्टि हुने प्रमाण नभएको रु. — ४९,१५,३१५/-

भौ.नं मिति	कार्यक्रम	काम	रकम	कैफियत
३-२०७४/४/२७	५ बर्षे विकास मार्गदर्शन गोष्ठी	२०७४।४।१६ देखि १७	११८६६५	सहभागीको हाजिरी नभएको
८-२०७४/५/२६	सिंगटी प्राथमिक स्वास्थ्य केन्द्र	कार्यालय संचालन	१०००००	बिल भरपाई नभएको
२३-२०७४.९/२५	बिभिन्न वडा समेतलाई जाली खरिद	७१० पिस	१९१७६१०	वडा नं.१ देखि ९ मा पठाएको उक्त जाली प्रयोग भएको कार्यसम्पन्न मलेपफानं.११८ मा भुक्तानी बांकी
३२-२०७५/३/७	कालिका मा.वि.	ल्यापटप २ वटा	११९०००	जिन्सी दाखिला प्रमाण पेश नभएको ।
३६-२०७५/३/७	कल्याणी महिला सञ्जाल	सिलाई मेशिन २ वटा	२००००	बुझाएको भरपाई नभएको ।
६७-२०७५/३/२५	वाल शिक्षा कार्यक्रम वडा नं.२	Prizma ४३ ईञ्च TV ६ थान	४०००००	वडा सचिवले किनेको, कुन विद्यालयलाई दिने निर्णय नभएको, बुझाएको र दाखिला प्रतिवेदन पेश नभएको ।
८८-२०७५/३/२५	वालोदय मा.वि.	६ थान डेल कम्प्यूटर, ल्यापटप १, प्रोजेक्टर १	३९६०००	खर्च नहुनेमा आम्दानी नदेखिएको ।
११६-२०७५/३/२५	भगवती मा.वि.	Prizma ४३ ईञ्च स्मार्ट TV ६ थान	६१३२९	खर्च नहुने जिन्सी खातामा आम्दानी हुनुपर्ने ।
११८-२०७५/३/२५	वडा नं.७ स्थित व्यावसायिक पशु विकास तथा विस्तार समिति	२२ बाखा खरिद	३३००००	मिनबहादुर र बमबहादुरलाई ११ वटाका दरले बाखा वितरण गर्ने निर्णय, निजहरुले व्यावसायिक बाखापालन गरेको प्रमाण र अनुगमन प्रतिवेदन पेश नभएको ।
१५७-२०७५/३/२५	टनेल निर्माण एवं व्यावसायिक गोलभेडा खेती	५ कृषक	५०००००	रु.५,२१,६५०। को ईष्टिमेट भएकोमा कार्यसम्पन्न पेश नभएको ।
१६९-२०७५/३/२२	गुजर्पा आधारभूत विद्यालय	स्मार्ट टि.भि.१, कम्प्यूटर २, प्रिन्टर १	१४५२२९	जिन्सी दाखिला नदेखिएको ।
१८७-२०७५/३/२२	भगवती आधारभूत विद्यालय	स्मार्ट टि.भि.१, क्यानन प्रिन्टर १	९१२७४	,, ,, ,,

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	२२७-२०७५/३/२५ · हिलेपानी सामुदायिक स्वास्थ्य केन्द्र · स्टील दराज २, हाइड्रोलिक कुर्सी ३ आदि · १०२२०८ · ,, ,, ,,	

२२७-२०७५/३/२५	हिलेपानी सामुदायिक स्वास्थ्य केन्द्र	स्टील दराज २, हाइड्रोलिक कुर्सी ३ आदि	१०२२०८	,, ,, ,,
२३२-२०७५/३/२५	अपाङ्ग बाखा वितरण	देवीबहादुर खत्रीबाट माउपाठा सहित ८ बाखा वितरण	६४०००	ध्रुव थापा, डम्बर कार्की, कृषि थामी र चन्द्रबहादुर खुलालले बाखा बुझेको फाटो र अनुगमन प्रतिवेदन नभएको ।
२३३-२०७५/३/२५	तेत्तिसकोटी प्रा.विद्यालय प्र.अ.ले बुझेको	स्मार्ट टि.भि. ४३ ईञ्च	५००००	खप्ने जिन्सी खाता आम्दानीको प्रमाण पेश नभएको ।
२४४-२०७५/३/२३	वडा नं.९ सिल्पोलिन प्लाष्टिक वितरण	प्रा.शान्ती खड्का मार्फत १०३ थान	५०००००	वितरण भरपाई र कृषकले टनेला निर्माण गरेको कार्यसम्पन्न पेश नभएको ।
		जम्मा:	**४९१५३१५**	

२६. **भुक्तानी दिन नमिल्ने रकम भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६(३) र (८) मा खर्च गर्दा खर्चको बिल भरपाई र भुक्तानी दिन रीत पुगे नपुगेको चेक जांच गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार प्रमाणवेगर पूंजीगत कार्यक्रमबाट खर्च लेख्न नमिल्ने रकम भुक्तानी दिएको असुल गर्नुपर्ने रु. — **रकम रु: १०,१६,५६४/-**

भौ.नं मिति	विवरण	वापत	रकम	कैफियत
९-२०७५/५/२६	कालिञ्चोक गा.पा.अन्तर्गतका विद्यालयहरुलाई पुस्तर वितरण	नर्सरी र कक्षा १	८२०५१६	पुस्तक खरिद बिल मात्र रहेको, शिक्षा शर्शृत बजेटबाट सबै पाठ्यपुस्तकको भुक्तानी हुने, कसलाई दिएको प्रमाण पनि नभएकोले बिलमात्र सँलग्न राखि खर्च लेखेको
१३०-२०७५/३/२५	वडा सचिव, भरत ब.पौडेल, भत्ता र किटबक्स वितरण	१८ महिला स्वास्थ्य स्वयंसेविका	२३०७०	मिति २०७५।३।२३ मा किनेको किटबक्स र २,०००। का दरले वितरण खर्च लेख्दा मिति २०७५।३।७ को केदार बुढाथोकीको होटल बिल रु.२३,०७०। को कालिञ्चोक गा.पा.७ सच्याई संलग्न गरेको ।
२१९-२०७५/३/२५	मिलडांडा मलेपु सडक नि.उ.स.	अनुपातिक कट्टी	२२९७८	कार्यसम्पन्न रु.९,४९,७१५। मा १० प्रतिशत उपभोक्ता योगदान र ४ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी रु.८,२०,५५३। भुक्तानी दिनुपर्नेमा रु.८,४३,५३१। भुक्तानी हुंदा बढी दिएको ।
२२९-२०७५/३/२५	कुबिण्डे नर्भी बंचरे सडक	सडक निर्माण	४००००	कार्यसम्पन्न रु.१०,१९,३८८।७९ मा जनसहभागिता १० प्रतिशत १,०९,३८८।७९ र कन्टिन्जेन्सी ४ प्रतिशत रु.४०,०००। कट्टा गरी रु.९,२०,०००। भुक्तानी गर्नुपर्नेमा रु.९,६०,०००। भुक्तानी भएको बढी दिएको ।
२५१-२०७५/३/२५	दलित सामुदायिक संस्थाकी सचिव रञ्जु घोर्लाकोटीले बंगुर वितरण कार्यक्रम संचालन	बंगुर ५ गोटा	११००००	मिति नभएको, कल्याणकारी बंगर फर्मको ००१ को रु.१,२०,०००। बिल आषाढ २५ मा राखेको, रकम बुझाएको रिसिप्ट

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु

				नभएको, साथै बंगर बुझाएको भरपाई नभएको ।
			१०१६५६४	

२७. **बीमाः** सबै वडामा दुधालु गाई भैंसीको २५ प्रतिशत वीमा, विकास अनुदान रु.५,००,०००। दिने बार्षिक कार्यक्रम स्वीकृत भएकोमा खरिद भरपाईबाट अनुदान दिएको छ । वीमा गरेको नदेखिएकोले वीमा गरेको प्रमाण पेश हुनुपर्ने रु. — २०,००,००० /-

भौ.नं मिति	वडा	गाई दिएको संख्या	रकम	कैफियत
१९७-२०७५/२/२१	६	१० कृषक	५०००००	गाई
२२२-२०७५/३/२५	४	९ कृषक	५०००००	गाई
२८५-२०७५/३/२५	५	१० कृषक	५०००००	गाई
२७२-२०७५/३/२०	९	९ कृषक	५०००००	भैंसी
		जम्माः	२००००००	

२८. **कार्यक्रमको उद्धेश्य प्रतिकुल खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) अनुसार जुन कार्यक्रम र उद्धेश्य हो सोही कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले भौ.नं.२३५ मिति २०७५।३।२५ बाट महिला क्षमता विकास तथा सीपमूलक व्यवसायको लागि स्वीकृत कार्यक्रम बजेटबाट वडा नं.४ धुवा रहित चुल्होको वर्नर २६३ थान र डाइसेट १० थान किनेको रु.३,३६,७४०। को बिल राखी खर्च लेखेको छ । वर्नर मात्र खरिदले चुल्हो कसरी संचालन हुन्छ खुल्न आउदैन भने उक्त सामान वितरण गरेको भरपाई समेत छैन । महिला क्षमता विकास तथा सीपमूलक व्यावसायिक कार्यक्रम संचालन गर्न राखेको बजेट बिना व्यावसायिक चुल्हो खरिदमा खर्च गरेको रकम अनियमित देखिएको रु.लेखापरीक्षणको क्रममा स्वीकृत कार्यक्रम भन्दा फरक काममा खर्च गरेको देखिंदा अनियमित देखिएको: — ३,००,०००/-

२९. **मू.अ.कर समायोजन :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । कार्यालयसँग सम्झौता गरका उपभोक्ता समितिले बिभिन्न निर्माण कार्य (डोजर भाडा, कार्यालय सामग्री लगायतको खरिद देहायका निर्माण व्यवसायीहरुसँग गरी भुक्तानी गरकोमा आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर (एद्रल) भिडान गर्दा उक्त फर्महरु नन फाइलर रहेको (मू.अ.कर विवरण दाखिला नगरेको) देखियो । निम्नानुसारको भुक्तानीमा व्यबसायीहरुलाई भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु...... — २,३४,०९८/८४

भौ.नं मिति	उपभोक्ता	पार्टी	बिजक नं.	मू.अ.कर रकम	पान नं.
१६५-२०७५/३/२०	दोर्जे गुजर्पा सडक नि.उ.स.	ओम महाकाली	००१-२०७५/३/५	६३९६०	६०२४७४५८८

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु

			कन्स्टक्सन			
			ओम महाकाली कन्स्टक्सन	००८-२०७५/३/५	९८६१	६०२४७४५८८
	२४१-२०७५/३/२५	खुरुलेखोला पपुस्वांरा सडक	श्री स्काई ओमबुद्ध जे.भी.	०२३-२०७५/२/२१	३२१५४	६०३४६११०७१
			श्री स्काई ओमबुद्ध जे.भी.	०२४-२०७५/२/२१	१२८१२३.८४	६०३४६११०७१
			जम्मा:		**२३४०९८.८४**	

३०. **परामर्श सेवाको लागत अनुमान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्श सेवा लिनुपर्दा, स्वीकृत नर्मस वा सो काममा लाग्ने मुख्य जनशक्ति समेतका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था छ । कार्यालयले सो अनुसार तयार नगरी सिधै परामर्शदाताबाट प्रस्ताव माग गरी रु.५ लाख भित्र रहेको भनी कार्य गराएको छ । विना लागत अनुमान सिधै परामर्शदाता नियुक्ति गरी गरेको कार्य नियमित नदेखिएको रु. — १४,८३,३६८/

भौ.नं मिति	कन्सल्टेन्सी	सर्भे कार्य	रकम
४७-२०७५/३/२४	के. एण्ड एस. कन्सल्टेन्सी प्रा.लि.	खानेपानी DPR स्किम (६-१०)	४९६२००
४८-२०७५/३/२५	SAP कन्सल्टेन्सी प्रा.लि.	खानेपानी DPR स्किम (११-१५)	४९१६६३
४९-२०७५/३/२५	श्रीपा कन्सल्टेन्सी प्रा.लि.	खानेपानी DPR स्किम (१-५)	४९५५०५
		जम्मा:	**१४८३३६८**

३१. **मेशिनबाट काम गराएको:-** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण काम गराउँदा मेसिन प्रयोग गर्न नहुने उल्लेख छ । बिशेष परिस्थिति भएमा कारण जनाई स्वीकृति लिई मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले अधिकाँश बाटो निर्माण गर्दा जे.सि.बि प्रयोग गरी गराएको देखियो । श्रममूलक काम मात्र उपभोक्ताबाट गराउनुपर्नेमा सबै निर्माण कार्य मेशिन प्रयोग गरी गराएको देखिँदा नियमको पालना गरेको देखिएन । यसमा नियन्त्रण हुनु पर्दछ । यसका केही उदाहरणहरु यस प्रकार छन:-

भौ.नं.मिति	उपभोक्ता समिति	कार्य सम्पन्न	मेशिनको बिल(तेल समेत)	भुक्तानी
३८-२०७५/३/७	पाडेखोला-मलेखु कृषि सडक	१०९२९६३	१११७७९६	१००००००
४६-२०७५/३/७	गुजर्पा सडक नि.उ.स.	८६१२५५	८३६४७१.१२	७६८०००
८५-२०७५/३/२०	यावल खोला देखि वडा नं.सडक	१६४९९८८	१६५०९३०	१५०००००
८९-२०७५/३/२५	स्वास्थ्य चौकीपिङ्ग-डांडा सडक	१६३२८७२	१६३७३७०	१५०००००
१०५-२०७५/३/२५	सिंगटी-गोगने सडक नि.उ.स.	१६३३८६२	१८२३८२०	१५०००००
२४१-२०७५/३/२५	खुरुले खोला पयुँस्वांरा सडक	१३५०६१९	१३८४४९८	१२५००००
२८२-२०७५/३/२५	लापिलाङ्ग-गैरी-कालिञ्चोक सडक उ.स.	११०४८३३.९९	११०८३०२.८७	९६००००

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	२८४-२०७५/३/२५ — लापिलाङ्ग मा.वि.सिद्धधाम सडक उ.स. — ४३८५३८.०३ — ४४००२२ — ३८४०००	
	२८९-२०७५/३/२५ — सिम बलम्बु उ.स. — १०९१०००.४३ — १०५७६९५.८२ — ९६००००	
३२.	**नापी किताबमा बढि परिमाण देखाएको-**गाँउपालिकाले भौ.नं.२८६ मिति २०७५।३।२५बाट गागरे टोल-कुर्लिङथली-डांडाथोक खानेपानी (वडा नं.५) मा खानेपानी निर्माण उपभोक्ता समिति मार्फत कार्य गरेकोमा लागत ईष्टिमेट रु.५,४३,३५४।९९ मा गाउंपालिकाले रु.५,००,०००।(४% कन्टेन्जेन्सी रु.२०,०००। कटाई) उपभोक्ताको लागत सहभागिता रु.६३,३५४।९९ जुटाउनुपर्नेमा तपशील बमोजिमको उपभोक्ता समितिले खरिद गरेको बिलबाट देखिएकोमा कार्य सम्पन्न प्रतिवेदन रु.६,००,३९०।५८ को पेश भएकोमा समितिबाट खरिद नभएको पाइप परिमाणको रकम कार्य सम्पन्न प्रतिवेदनमा देखाएकोले उपभोक्ता समितिको १० प्रतिशत योगदान कटाई बांकी रकम रु.५२,६७३।४० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.	५२,६७३/४०

कामको परिमाण	**कार्य सम्पन्न**			**उपभोक्ता समितिले खरिद गरेको**		**फरक परिमाण**	**असुल गर्नुपर्ने**
	इकाई	**परिमाण**	**दर**	**इकाई**	**परिमाण**		
एच डिपी. पाईप १२ मिमि डायको ६ के.जी प्रेसर भएको	मी	२६००	५५२५	मि	१६००	१०००	५५२५०.००
एच डिपी. पाईप १२ मिमि डायको १० के.जी प्रेसर भएको	,,	३००	३२.७६	मि	२००	१००	३२७६
							५८५२६।
						उपभोक्ता को योजदान कट्टि	५८५६
						असुल गर्नुपर्ने	५२६७३।४०

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	बित्तीय समानीकरण अनुदान (चालु)	
३३.	**विना प्रतिस्पर्धा खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । सो अनुसार नगरको स्थिति यसप्रकार छः-	
३३.१.	गाउंपालिकाले कार्यालयलाई आवश्यकपर्ने कार्यालय सामान खरिद गर्दा बिना प्रतिस्पर्धा बिभिन्न दररेटमा पटक पटक सोझै खरिद गरेको देखियो । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । नियमानुसार एकमुष्ठ खरिद योजना बनाई सिलबन्दी दरभाउपत्र, बोलपत्रको माध्यमबाट प्याकेज तयार गरी बोलपत्रको आव्हान गरि गाँउपालिकाबाटै बडालाई समेत कार्यालय सामान उपलब्ध गराउने one	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	door policy अपनाउनुपर्ने देखिएको रु.	१८,०५,६९८/५

गो.भौ.नं. मिति	फर्मको नाम	भुक्तानी रकम(मू.अ.कर समेत)
१४-२०७५/२/११	हिमालय अफसेट प्रेस	२७९८५०
५८-२०७५/३/६	ऐश्वर्य स्टेशनरी सेन्टर अर्डर एण्ड सप्लायर्स	४९७५३९
५९-२०७५/३/१०	ऐश्वर्य स्टेशनरी सेन्टर अर्डर एण्ड सप्लायर्स	११८९८९
११९-२०७५/३/२२	M.S.Printing Solution	३४६२८८
१३५-२०७५/३/२५	ऐश्वर्य स्टेशनरी सेन्टर अर्डर एण्ड सप्लायर्स	१९९९९९
५१-०७४/९/२४	ऐश्वर्य स्टेशनरी एण्ड सप्लायर्स	२९६५३३.५०
५३-०७४/९/२५	,,	६६५००
	जम्मा:	**१८०५६९८.५**

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
३३.२.	गाउंपालिका कार्यालयले यो बर्ष निम्नानुसारको । को फर्निचर तथा मेसिनरी औजार एउटै पार्टि लगायत बिभिन्न सँग पटकपटक गरि सोझै खरिद गरेको नियमित नदेखिएको रु.	२०,५९,३५६/८५

भौ.नं.मिति	आपुर्तकको नाम	खरिद गरिएको विवरण	रकम
८२-२०७५/३/१९	चर्नाबती फर्निचर एण्ड फर्निसिङ सेन्टर	पलङ्ग, कार्पेट, डोरम्याट आदि	१०४०५८
११५-२०७५/३/२५	,,	फर्निचर, अफिस टेबल, दराज, चियर	४३६४६२
१२०-२०७५/३/२५	,,	Desktop Computer Dell i5 3 थान, Printer 3 थान	३४०६९५
१३०-२०७५/३/२५	चर्नाबती फर्निचर एण्ड फर्निसिङ सेन्टर	Low Bed 2, पर्दा, सिरक, डसना, कार्पेट आदि	१९९९८६
५१-०७४/९/२४	चर्नाबती फर्निचर एण्ड फर्निसिङ सेन्टर । आर्यन एण्ड सप्लायर्स	बिभिन्न प्रकारमा फिर्निचर सामान	४५६३२१.८५
५१-०७४/९/२५	ऐश्वर्य फर्निचर	ल्यापटप , कम्प्युटर डेक्सटप	५२१८३४
		जम्मा:	**२०५९३५६.८५**

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
३४.	**करारका कर्मचारी:-** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को नियम ३२ स्थानीय तहले यस आदेश बमोजिमको कार्य सम्पादन गर्न जनशक्ति अपर्याप्त भएमा लोक सेवा आयोगको प्रतिक्षा सूची र अस्थायी सूचीमा रहेका व्यक्तिहरु मध्येबाट बढीमा ६ महिनाको लागि करारमा राखी कामकाज गराउन सक्नेछ । गाउँकार्यपालिकाले यो वर्ष कम्प्युटर अपरेटर, का.स. ,अ.न.मी अ.सवइन्जीनियर कार्यालय सहायक समेत विभिन्न पदमा समयमा बिभिन्न कर्मचारीहरुलाई करार सेवामा नियुक्ति दिई पारिश्रमिक भुक्तानी वापत रु. ४८,६२,३८३/- लाख खर्च लेखेको पाइयो । लामो समय सम्म करार सेवामा कर्मचारी माग गरी स्थानीय निकायको कार्य सम्पादन गर्नाले काममा चुस्तता एवं पेसागत व्यवसायीकर्ता समेत नरहने हुनाले सम्बन्धीत निकायबाट स्थानीय कर्मचारी पदपूर्ति गर्न तर्फ ध्यान दिनुपर्ने देखिन्छ । कालिञ्चोक गाउंपालिकाको कार्यालयले तपशील बमोजिमको मितिबाट करारका कार्यालय सहायक २, कम्प्यूटर अपरेटर १, कार्यालय सहयोगी समेत बिभिन्न ३७ लगायत बिभिन्न व्यबक्तीलाई बिभिन्न समयमा करारमा अन्य सेवा शुल्कबाट तलब भत्ता सुविधा दिई कामकाज लगाई खर्च लेखेको पाइयो । यति ठूलो रकममा करारमा कर्मचारी राखी खर्च लेखेको रकम नियमित नदेखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

गो.भौ.नं. मिति	कर्मचारी संख्या	महिना	रकम
१६०-२०७५/३/२५	१७ जना	२०७४ श्रावणदेखि २०७५ आषाढ मसान्तसम्म	२७६६०००
१६१-२०७५/३/२५	७ जना	,, ,, ,, (LGCDP तर्फका कर्मचारी)	६९२३८३
बिभिन्न	स्वास्थ्य शिर्षकबाट ६ अनमी ७ का.स	२०७४ श्रावणदेखि २०७५ आषाढ मसान्तसम्म	१४०४०००
		जम्मा	**४८,६२,३८३/-**

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
३५.	**ईन्धनको लगवुक:** कार्यालयले ईन्धन खर्च लेख्दा नियमानुसार सबारी लगबुक तयार गरी राख्नु	

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु</th></tr>
<tr><td></td><td>पर्दछ । गाँएपालिकाले यसबर्ष ईन्धनबापत खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगवुक तयार नगरी केबल ईन्धन खरिदको बिलमात्र सँलग्न गरी एकमुष्ट रुपमा ईन्धन खर्च लेख्ने गरेको पाईयो । कार्यालयमा रहेका गाडी तथा मोटरसाईकल प्रयोगको मापदण्ड तयार नगरि खर्च लेखेको पाईयो । सबारीसाधनलाई लाई ईन्धन उपलब्ध गराउंदा कोटा प्रणाली एबं लगबुक अनुसार उपलब्ध गराउनुपर्दछ । केही उदाहरणहरु
<table>
<tr><th>भौ.नं मिति</th><th>खर्च रकम</th></tr>
<tr><td>२४-०७४/७/२६</td><td>८१०००</td></tr>
<tr><td>५१-०७४/९/२५</td><td>६५६००</td></tr>
<tr><td>५३-०७४/९/२५</td><td>५५०११.४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६.</td><td>तलवी प्रतिबेदनः निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन, , पशु, कृषि आयुर्वेदतर्फको कर्मचारीको तलब खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>कानून निर्माण पूर्बको पदाधिकारी सुबिधाः स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधाको सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन २०७५।१।२० गते प्रदेश ३ को राजपत्रमा प्रकाशित गरी "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्बन्धी ऐन २०७५" बनाएको छ । ऐनको दफा ३ मा पदाधिकारीले आफू निर्बाचित भई अनुसूची २ बमोजिमको पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिदेखि अनुसूची १ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुबिधा पाउनेछन भन्ने व्यबस्था रहेको छ । जसअनुसार मासिक सुबिधा जस्ता आर्थिक व्यय भारपर्ने दफाहरु राजपत्रमा ऐन प्रकाशित मिति भन्दा १३ महिना २६ दिन पहिले देखिनै लागू हुने गरी बनाएको देखिन्छ । जसबाट ४४ जना जनप्रतिनिधिहरुलाई ऐन लागू हुनुभन्दा अघिको रु ४६,८६,०००। पारिश्रमिक गाँउपालिकाले उपलब्ध गराएको देखियो ।</td><td></td></tr>
<tr><td>३७.१.</td><td>पदाधिकारीको पारिश्रमिकः- गाँउपालिकाका जनप्रतिनिधिहरुको २०७४ जेष्ठदेखि २०७५ आषाढ मसान्तसम्मको पारिश्रमिक बापतको रकम रु.६१,६९,८००। उपलब्ध गराँउदा गाउंपालिका सदस्य तथा वडा नं.६ का सदस्य श्री डबल पाण्डे जिल्ला समन्वय समितिका प्रमुख भइसकेको अवस्थामा उहांको पारिश्रमिक जि.स.स.दोलखाबाट भुक्तानी भएकोमा १४ महिनाको प्रति महिना रु.५,०००। का दरले रु.७०,०००। मा १ प्रतिशत सामाजिक सुरक्षा कर रु.७००। कटाई बांकी रु.६९,३००। भुक्तानी भएकोमा असुल हुनुपर्ने रु</td><td>६९,३००/-</td></tr>
<tr><td>३८.</td><td>भ्रमण अभिलेख एवं प्रतिबेदनः भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ ।</td><td></td></tr>
<tr><td>३८.१.</td><td>कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यस्थीत राखेको छैन । यसबर्ष अनगमन तथा मुल्याङ्कन शिर्षकमा   तथा भ्रमण खर्चमा खर्च लेखेको छ । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभावकारी भयो भनि भन्न सक्ने सक्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण</td><td></td></tr>
</table>

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु</th></tr>
<tr><td></td><td>प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । केही उदाहरणहरु
<table>
<tr><th>भौ.नं मिति</th><th>बिबरण</th><th>कैफियत</th></tr>
<tr><td>१७-०७४/५/२०</td><td>अनुगमन मुल्याकन तथा भ्रमण खर्च</td><td>३४३५०</td></tr>
<tr><td>२१-०७४/५/३०</td><td>,,</td><td>८७०००</td></tr>
<tr><td>४५-०७४/९/२५</td><td>,,</td><td>२१८६१५</td></tr>
<tr><td>५५-०७४/१०/१५</td><td>भ्रमण खर्च</td><td>२९२०५०</td></tr>
<tr><td>५६-०७४/१०/१५</td><td>,,</td><td>५४२५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८.२.</td><td>भौ.नं.९ मिति २०७५।२।१३ः यस गाउंपालिका अन्तर्गत १९ जना कर्मचारीहरुले बिभिन्न मितिमा भ्रमण तथा अनुगमन गरेवापत रु.३,६८,१००। खर्च लेखेकोमा ना.सु.श्री रामचन्द्र पौडेलले भ्रमण आदेश दिई भ्रमणमा खटाएको र प्रमुख प्रशासकीय अधिकृत श्री बालकृष्ण हुमागाई २०७५।१।२४ देखि २०७५।१।२८ सम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाडौंमा जांदाको रु.८,०००। दै.भ्र.भ. स्वीकृतिवेगर खर्च लेखेकोमा नियमित नदेखिएको रु.</td><td>३.६८,१००/-</td></tr>
<tr><td>३८.३.</td><td>भौ.नं.९ मिति ०७४।१०।१५ बाट बिभिन्न ११ जना कर्मचारीहरुले बिभिन्न मितिमा भ्रमण तथा अनुगमन गरेवापत रु.३,६८,१००। खर्च लेखेकोमा अधिकार प्राप्त अधिकारी (कार्यालय प्रमुख)बाट स्वीकृत नगराइई ना.सु.श्री रामचन्द्र पौडेल तथा स्वास्थ्य चौकि प्रमुखहरुबाट भ्रमण आदेश दिई भ्रमण खर्च लेखेको नियमसम्मत नदेखिएको</td><td>१,१६,६५०/-</td></tr>
<tr><td>३९.</td><td>गाडी भाडा सम्बन्धमाः- गाँउपालिकाले खर्चमा मितव्ययिता कायम गर्न आन्तरिक नियन्त्रण व्यबस्था लागू गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९.१.</td><td>गाँउपालिकाले पटक पटक गाडी भाडामा लिएकोमा कारण स्पष्ट नगरी निम्नअनुसार महिनाबारी सम्झौता गरी तथा पटके रुपमा सबारी साधन भाडामा लिई मर्मत तथा ईन्धन खर्च समेत व्यहोर्ने गरि अमितव्ययी ढंगले भाडा भुक्तानी गरेको देखियो । आन्तरिक आय व्यबस्था मजबुत नभएको अबस्थामा पटक पटक तथा प्रयोजन नखुलाई एक बर्षमा करिब एउटा गाडि नै खरिद गर्न सकिने मुल्य बिभिन्न व्यक्तिसँग कार्यालय प्रयोजन उल्लेख गरी भुक्तानी दिएको नियमम्मत नदेखिएको रु</td><td>२७,५१,५००/-</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>खर्च शीर्षक</th><th>भौ.न. मिति</th><th>भरपाई साथ उल्लेखित प्रयोजन</th><th>रकम रु</th></tr>
<tr><td>समानीकरण चालु</td><td>१७-०७४/५/३०</td><td>गा.पा. प्रयोजना</td><td>२७३५००</td></tr>
<tr><td>,,</td><td>३७-०७४/८/२५</td><td>,,</td><td>३९००००</td></tr>
<tr><td>समानीकरण चालु</td><td>३४-२०७५/२/२७</td><td>गा.पा.प्रयोजन</td><td>३७५०००</td></tr>
<tr><td>समानीकरण चालु</td><td>५५-२०७५/३/१०</td><td>गा.पा.प्रयोजन</td><td>११७००००</td></tr>
<tr><td>समानीकरण चालु</td><td>७०-२०७५/३/१८</td><td>गा.पा.प्रयोजन</td><td>१५०००</td></tr>
<tr><td>समानीकरण चालु</td><td>८३-२०७५/३/१९</td><td>गा.पा.प्रयोजन</td><td>९००००</td></tr>
<tr><td>समानीकरण चालु</td><td>८५-२०७५/३/१९</td><td>गा.पा.प्रयोजन</td><td>३००००</td></tr>
<tr><td>समानीकरण चालु</td><td>९८-२०७५/३/२५</td><td>गा.पा.प्रयोजन</td><td>३५०००</td></tr>
<tr><td>समानीकरण चालु</td><td>११४-२०७५/३/२५</td><td>गा.पा.प्रयोजन</td><td>३२४०००</td></tr>
<tr><td>समानीकरण चालु</td><td>१४१-२०७५/३/२५</td><td>गा.पा.प्रयोजन</td><td>१५०००</td></tr>
<tr><td>समानीकरण चालु</td><td>१५२-२०७५/३/२५</td><td>गा.पा.प्रयोजन</td><td>२५५००</td></tr>
<tr><td>समानीकरण चालु</td><td>१५३-२०७५/३/२५</td><td>गा.पा.प्रयोजन</td><td>८५००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२७५१५००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु</th></tr>
<tr><td>३९.२.</td><td>गाँउपालिकाले सबारी धनि प्रकाश बुढाथोकिसँग मासिक १३०००।- कर समेत भाडा उपलब्ध गराउने र मासिक रुपमा ७००० मर्मत खर्च भुक्तानी गर्ने सम्झौता गरि खर्च लेखेकोमा गो.भा.नं ५५।०७५।३।१० बाट एकमुष्ठ रुपमा ६३०००।- खर्च लेखेकोले कुन महिनाको खर्च लेखेको हो एकिन नगरि लेखेको अनियमित रु</td><td>६३०००/-</td></tr>
<tr><td>४०.</td><td>खाजाको नर्मसः- गाँउपालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थीति सँख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । गाँउपालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरि निम्नानुसार बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होईन यकिन गर्ने आधार भएन । नियम तथा निर्देशिकाको परिपालना गरी मितव्ययी ढँगले खर्च लेख्न ध्यान पुर्‍याउनुपर्ने देखिएको रु
<table>
<tr><th>भौ.नं मिति</th><th>शीर्षक</th><th>सम्बन्धित (गा.पा.वडा)</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td>१७-०७४/५/३०</td><td>बिबिध खाजाखाना खर्च</td><td>गा.पा</td><td>१५१२८०.७२</td><td>केबल बिल सँलग्न</td></tr>
<tr><td>२७-०७४/७/२०</td><td>,,</td><td>,,</td><td>१५०००</td><td>,,</td></tr>
<tr><td>३७-०७४/८/२५</td><td>,,</td><td>,,</td><td>१५७६६०</td><td>,,</td></tr>
<tr><td>११-२०७५/२/१३</td><td>विविध बिल</td><td>गा.पा.बैठक</td><td>१५६००</td><td>,,</td></tr>
<tr><td>४१-२०७५/२/२४</td><td>खाजा बिल</td><td>गा.पा.बैठक</td><td>२१६००</td><td>,,</td></tr>
<tr><td>७१-२०७५/३/१८</td><td>खाजा बिल</td><td>गा.पा.बैठक</td><td>५७२५५</td><td>,,</td></tr>
<tr><td>७२-२०७५/३/१८</td><td>खाजा बिल</td><td>गा.पा.बैठक</td><td>४७५८५</td><td>,,</td></tr>
<tr><td>८१-२०७५/३/१८</td><td>खाजा बिल</td><td>गा.पा.बैठक</td><td>८०००</td><td>,,</td></tr>
<tr><td>१०८-२०७५/३/२५</td><td>खाजा बिल</td><td>गा.पा.बैठक</td><td>१२६५५०</td><td>,,</td></tr>
<tr><td>१३८-२०७५/३/२५</td><td>खाजा बिल</td><td>गा.पा.बैठक</td><td>२०५९५</td><td>,,</td></tr>
<tr><td></td><td></td><td>जम्माः</td><td>६२११२५.७२</td><td></td></tr>
</table></td><td>६,२१,१२५/७२</td></tr>
<tr><td>४१.</td><td>मू.अ.कर समायोजनः भौ.नं. १०७ मिति २०७५।३।२५: Midas Education Pvt.Ltd, Kathmandu लाई कक्षा १ देखि ५ सम्मको १० पिस प्रति पिस रु.१६,७००। र कक्षा १ देखि १० सम्मको ११ पिस प्रति पिस रु.२५,०००। को मू.अ.कर समेत रु.४,९९,४६०। भुक्तानी गरेकोमा २०७५ जेष्ठदेखि ननफाइलर देखाएकोले सो फर्मलाई रु.५५,२२१।२३ मू.अ.कर भुक्तानी भएकोले आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन पत्र पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>५५,२२१/२३</td></tr>
<tr><td>४२.</td><td>पदाधिकारी पेश्कीः-आर्थिक कार्यविधि निमायमावली, २०६४ को नियम ३६(क) मा भुक्तानी वा खर्च लेख्दा रीत पुगे नपुगेको चेक जाँच गनुपर्ने व्यबस्था छ । गाउँपालिकाले विभिन्न कार्यक्रम संचालन गर्दा गाउँपालिका पदाधिकारीहरु उपाध्यक्ष, वडा अध्यक्ष, लगायतका पदाधिकारीहरुले विभिन्न मितिमा विभिन्न कार्यक्रमहरु संचालन गर्न भनि कार्यक्रम पेश्की लिने गरेको पाईयो । यसरी निर्वाचित पदाधिकारीहरुले आफ्नो कार्यक्षेत्रभित्र आन्तरिक आय श्रोत बढाउने कार्य योजना तयार गर्ने, आर्थिक विचलन रोक्ने, गाउँतहमा सुशासन कायम गर्ने, सदाचार सम्बन्ध नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा आर्थिक कारोवार सँग प्रत्यक्ष संलग्न भई आफैले कार्यक्रम पेश्की लिएर कार्यक्रम संचालन गर्न उपयुक्त देखिएन । निम्नानुसारका पदाधिकारीले लिएको पेश्की हालसम्म पनि फछ्र्यौट नगरको अभिलम्ब फछ्र्यौट गरि आर्थिक अनुसासन कायम गर्नुपर्ने देखिएको अनियमित पेश्की रु</td><td>४६,००,०००/-</td></tr>
<tr><td></td><td><table>
<tr><th>भौ.नं</th><th>पदाधिकारीको नाम</th><th>पद</th><th>वापत</th><th>पेश्की रकम</th></tr>
<tr><td>०७४/५/२०</td><td>कालिका पाठक</td><td>उपाध्यक्ष गा.पा</td><td>चौरी महोत्सव</td><td>५०००००</td></tr>
</table></td><td></td></tr>
</table>

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु

२-०७४/४/१७	मानसिँह धामी	वडाध्यक्ष ६	चौरी महोत्सव	५०००००
७-०७४/५/२५	राम प्रसाद मैनाली	वडाध्यक्ष ३	प्रथम चौमासिक प्रशासनिक खर्च	४०००००
,,	निशान बुढाथोकी	वडाध्यक्ष९	,,	४०००००
९-०७४/५/२६	मानसिँह धामी	वडाध्यक्ष ६	,,	४०००००
,,	चेत ब खड्का	वडाध्यक्ष ७	,,	४०००००
१०-०७४/५२६	बाबुलाल थामी	वडाध्यक्ष १	,,	४०००००
,,	सुवास थामी	वडाध्यक्ष ५	,,	४०००००
,,	केशब ब ठकुरी	वडाध्यक्ष ४	,,	४०००००
,,	नन्दराज सिबाकोटी	वडाध्यक्ष ८	,,	४०००००
,,	नानी पाण्डे	वडाध्यक्ष २	,,	४०००००
				४६,००,०००/-

	यूनिसेफतर्फः	
४३.	गाउंपालिकाले यूनिसेफबाट निकासा प्राप्त रु.७२,२१,३५०। मध्ये कार्यक्रम गरी खर्च गरेको रु.१६,३८,६१९। कटाई बांकी रहेको रु.५५,८२,७३१। को थप कार्यक्रम स्विकृत भएको देखिएन ।अतः बांकी रहेको रकम लेखापरीक्षण अवधिसम्म फिर्ता नगरेकोले फिर्ता गर्नुपर्ने देखिएको रु.	५५,८२,७३१/-
	ससर्त निकाशातर्फ	
४४.	**शिर्षकगत अभिलेखः-** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी रहेको लगायतको कुरा बिचार गरि निकाशा दिनुपर्ने र सो अनुसार श्रेस्ता राख्नुपर्नै व्यबस्था छ । कार्यालयले यो बर्ष शर्शत शिर्षकबाट कुल रु १२९१४५०००।- बिनियोजन भएकोमा शिर्षकगत अभिलेख नराखी खर्च लेखेको छ । यसरी शर्शततर्फ बिनियोजन भएको शिर्षक कृषि, पशु, स्वास्थ्य र शिक्षाको एकमुष्ट अभिलेख राखिनुले बिनियोजन अनुसार निकाशा भयो भनि यकिन गर्ने आधार भएन । शिर्षकगत अभिलेख राखी श्रेस्ता व्यबस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
	शर्शत शिक्षातर्फ	
४५.	**शिक्षकको अभिलेख :–** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । जिल्ला शिक्षा कार्यालयले नियमाबलीमा व्यवस्था भएबमोजीमको शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा	

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु</th></tr>
<tr><td></td><td>रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण तयार गर्नुपर्ने हुन्छ । बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७४।०७५ अनुसार स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने व्यबस्था रहेको छ । गाँउपालीकासँग शिक्षा कार्यालयबाट प्राप्त हुनुपर्ने बिबरण माग गर्दा प्राप्त भएन । यसरी अभिलेख नराखिँदा दोहोरो निकासा हुन सक्ने, दरबन्दी अनुसार पदपुर्ति नहुने, तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमाबलीको परीपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>४५.१.</td><td>तलबी प्रतिबेदन बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७४।०७५ को खण्ड १ मा उल्लेख भए अनुसार शिक्षक तलब भत्ता सम्बन्धी जानकारी मा आधारभुत तथा माध्यमिक शिक्षकका लागी तलब भत्ताको व्यबस्थापन सम्बन्धमा उल्लेख छ । जसअनुसार स्रोतव्यक्तिको सिफारीस अनुसार स्थानिय तहले सम्बन्धीत बिद्यालयको बैक खातामा मासिक रुपमा तलब भत्ता बापतको रकम निकासा दिनुपर्ने छ साथै स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार बिद्यालयबाट प्राप्त माग फारम रुजु गरि निकासा गर्नुपर्नै व्यबस्था मिलाउनुपर्ने, शिक्षकको तलबी प्रतिबेदन साबिक अनुसार नै बिद्यालय शिक्षक किताबखाना बाट पारित गरी प्राप्त तबली प्रतिबेदनका आधरमा मात्र निकाशा दिनुपर्ने उल्लेख छ ।
गाँउपालीकाले आधारभुत तर्फ तथा माध्य्मिक तहका बिद्यालयहरुतर्फ रु ८,९५,२४,३६६।२८ शिक्षकहरुको लागी तलबभत्ता उपलब्ध गराएको छ। आधारभुत तथा माध्यमिक शिक्षकहरुको लागी शिर्षकगत रुपमा बिनियोजन भएकोमा सो अनुसार अभिलेख नराखी एकमुष्ठ रुपमा खर्च लेखेको छ। गाँउपालिकासँग शिक्षकहरुको तबली प्रतिबेदन माग गर्दा पेश हुन आएन । जसले गर्दा गाँउपालिकास्थित बिद्यालयसँख्या, शिक्षकहरुको सँख्या, तलब तथा ग्रेड यकिन गर्न सकिएन । गाँउपालीका भित्र पर्ने बिद्यालय सँख्या स्पष्ट किटान गरि तलबी प्रतिबेदन सँलग्न गरिमात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५.२.</td><td>बढि निकासा : बिद्यालय क्षेत्र बिकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानिय तह) लगायत आ.ब २०७४।०७५ मा सँचालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरी सोही अनुसार बिद्यालयबाट प्राप्त माग फारम रुजु गरि निकासा गर्नुपर्नै व्यबस्था मिलाउनुपर्ने उल्लेख छ । गाँउपालिकाले बिद्यालयको माग फारम सँलग्न गरी खर्च लेख्दा निम्नानुसारका बिद्यालयलाई माग फारम तथा तलबी भरपाईमा उल्लेखित रकम भन्दा बढि भुक्तानी दिएकोले असुल गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>भौ.नं मिति</th><th>बिद्यालयको नाम</th><th>माग फारम तथा तलबी भरपाई अनुसारको रकम</th><th>एकमुष्ट बैक निकासामा उललेखित रकम</th><th>बढि भुक्तानी रु</th><th>कैफियत</th></tr>
<tr><td>१६-०७४/५/२९</td><td>भगबती मा.बि ध्याँङ्ग</td><td>७८३७९१</td><td>८७६४७१</td><td>९२६८०</td><td>प्रथम निकाशा</td></tr>
<tr><td>,,</td><td>लापिलाङ उ.मा.बि लापिलाङ</td><td>६४९०८५</td><td>८७६४७१.६</td><td>२२७३८६.६</td><td>,,</td></tr>
<tr><td>,,</td><td>कालिनाग उ.मा.बि सुनखानी भुल्केपातल</td><td>११३९१३४</td><td>१४०४३२४</td><td>२६५१९०</td><td>,,</td></tr>
<tr><td>१-०७४/११/१८</td><td>देउपाली प्रा.बि देउपुरेथली</td><td>३७१५२०</td><td>३८७६९१.२</td><td>१६१७१.२</td><td>दोश्रो निकासा</td></tr>
<tr><td>,,</td><td>कालीका भगबती प्रा.बि पटगाँउ</td><td>२०८८३४</td><td>२३२३०८.८</td><td>२३४७४.८</td><td>,,</td></tr>
<tr><td>,,</td><td>देबिस्थान आ.बि</td><td>६२१९८१.२</td><td>७४०५१६.८</td><td>११८५३५.६</td><td>,,</td></tr>
<tr><td>,,</td><td>कालिनाग मा.बि सिँगटी</td><td>१८८२२०६.०७</td><td>१९८०५१७</td><td>९८३११.३१</td><td>,,</td></tr>
</table></td><td>११,७२,७६९/२५</td></tr>
</table>

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु

,,	ताम्रकोशीका आ.बि म.ले.पु	८४९७९७.२	९३०२८४.८	८०४८७.६	,,
,,	हिलेपानी सँस्कृत मा.बि	४५२४१२.५	४७७८५१.६	२५४३९.१४	दोश्रो निकासा (प्रा.बितर्फ)
,,	जाल्पेश्बुरी ताराचौर प्रा.बि	३२००६७	४१६१७४.४	९६१०७.४	,,
,,	भगबती मा.बि ध्याँङ्ग	६४०३९२	७३३०७७.६	९२६८५.६	दोश्रो निकासा
,,	जनज्योती मा.बि	३८६८९१.२	४२३१९१.२	३६३००	दोश्रो निकासा
		८३०६१११.१७	९४७८८८०	११७२७६९.२५	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
४६.	**ईनरोल्मेन्ट(फ्यास) रिपोर्ट तथा बिद्यार्थी सँख्या** शिक्षा मन्त्रालयबाट स्वीकृत (मिति २०७४।०४।२२ अनुसार) बिद्यालय क्षेत्र बिकास कार्यक्रम -क्षेत्र , जिल्ला स्थानिय तह लगायत आ.ब २०७४ ।०७५ मा समाबेश हुने शशर्त अनुदान रकम निकासा दिँदा शैक्षित तथ्याँक (Flash Report) र बिद्यालय सुधार आयोजनालाई समेत आधार लिने उल्लेख छ । बुँदा नं ३३ मा बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको छात्रबृत्ति दोहोरो नपर्ने गरि एक शैक्षिक क्षेत्रमा १ जनाको लागी १ पटक मात्र छात्रबृती बितरण गराउने उल्लेख छ । गाँउपालीकाले बिद्यार्थीहरुलाई पाष्ठयपुस्तक,बुकर्नर तथा तथा छात्रबृत्ति उपलब्ध गराएकोमा कक्षागत रुपमा बिद्यार्थी बिबरण पेश हुन आएन । कक्षागत रुपमा पाठ्यपुस्तकको तथा छात्रबृत्ती र नन सेलरी रकम फरक पर्ने भएकोले कक्षागत रुपमा बिद्यार्थी बिबरण सम्बन्धमा यकिन गरि निम्न खर्चहरुमा गाँउपालीकाले प्रष्ट पार्नुपर्ने देखिएको रु	४२,६८,३६०/५

भौन.मिति	**व्यहोरा**	**रकम रु**
१६-०७४/५/२९	दलित छात्रा छात्रबृति	८५६००
,,	छात्रा छात्रबृचि	९२४८००
,,	प्रतिबिद्यार्थी ईकाई लागत	२६९५००
,,	बा.बि अनुदान(बुक कर्नर)	१००२२५०
१-०७४/११/१८	दलित छात्रबृत्ति	२०५००
,	पाठ्यपुस्तक	१६९१०६५.५०
८-०७५/३/२५	बिभिन्न १६ बिद्यालय पा.पु अन्तिम निकाशा	२७४६४५
	जम्मा	४२६८३६०.५

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
४७.	**अँग्रेजी पाठ्यपुस्तक खर्चः-**बिद्यालय क्षेत्र बिकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानिय तह) लगायत आ.ब २०७४।०७५ मा सँचालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को बुदा नं २.१५.११ कक्षा १ देखि १० सम्म अध्ययनरत बिद्यार्थीहरुका लागी पाठ्यपुस्तक अनुदान अन्तर्गत बुँदा नं ३ मा पाठ्यक्रम बिकास केन्द्रबाट स्वीकृत दर बमोजिम पाठ्यपुस्तकको लागी अुनदान दिईने तथा पाठ्यपुस्तकको कक्षागत दर प्राप्त भएपछि शिक्षा बिभागको बेब साईटमा राखिनुका साथै जिल्लाहरुमा समेत पठाईने उल्लेख छ । सो अनुसार गाँउपालीकाले बिद्यार्थीहरुलाई पाठ्यपुस्तक बापतको रकम कक्षा १ देखि १२ सम्मको उपलब्ध गराएपश्चात पुन: अंग्रेजी माध्यमको पाठ्यपुस्तक उपलब्ध गराएको उल्लेख गरि ५१ बिद्यालयको पाठ्यपुस्तक बापत रु १६११६०६।- , अन्य पुस्तक बापत रु १६३२७८ समेत रु १७७४८८४।- पुन खर्च लेखेको छ । यसरी शर्शत शिर्षकबाट बिनियोजन भएको रकमबाट निर्देशिका भन्दा बढि बितरण भरपाई, आधारप्रमाण बेगर पुन अँग्रेजी पुस्तक बापतको रकम लेखेको खर्च लेख्न मिल्ने आधार नदेखिएकोले रु	१७,७४,८८४/-
४८.	**बाल शिक्षा शिक्षीकाहरुको पारिश्रमिक-** बिद्यालय क्षेत्र बिकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानिय तह) लगायत आ.ब २०७४।०७५ मा सँचालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	पुस्तिका २०७४।०७५ को बुदा नं २.१५.११ (मा बिद्यालय र बिद्यालय सँग मातृ सम्बन्ध स्थापना गरि सँचालनमा रहेका प्रारम्भिक वाल बिकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको लागी प्रति महिना रु ६००० का दरले पारिश्रमिक व्यबस्था छ जसको बुदा नं (क) अनुसार सहयोगिको बिद्यालयले सहयोगी कर्मचारीको प्रमाणीत हाजिरी बिबरण सहित सिफारीस गर्नुपर्ने तथा बुदा नं (ग) मा उक्त कार्यकर्ताको लागी निकासा दिँदा सम्बन्धित सँस्थाले शैक्षिक तथ्याँक २०७४ भरि प्रमाणीत भएको यकिन गरेर सम्बन्धित श्रोतव्यक्ती तथा बिद्यालय निरीक्षकबाट रुजु गराई निकासा दिने र बाल शिक्षा कक्षाहरुको बिबरण अद्यावधिक गर्न लगाई सो को बिबरण जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने व्यबस्था रहेको छ । गाँउपालीकाले उक्त विवरणहरु सँलग्न नगरि यस कार्यक्रम अन्तर्गत शिक्षा केन्दको लागी उल्लेख गरि पटक पटक गरि ३७ बटा बालबिकास केन्द्रको लागी रु २८लाख ८६ हजार.- पारिश्रमिक खर्च लेखेको छ। आफ्नो क्षेत्रअन्तर्गतको बालबिकास केन्द्रहरुको यकिन गरि गाँउपालिकाले अभिलेख अद्यावधिक गरि निर्देशिकाअनुरुप प्रगति प्रतिबदेन , हाजीरि विवरण सँलग्न गरि मात्र खर्च लेख्नुपर्दछ ।	
४९.	गाँउपालिकाले प्र.अ. बैठक तथा परिक्षा सञ्चालनबापत बापत खर्च लेख्नुपर्ने अबस्था भएमा कार्यक्रम बनाई समानीकरण शिर्षकबाट खर्च लेख्नुपर्नेमा शर्शत शिर्षक भौ.नं ७, ०७५।३।२५ बाट लेखेकाले उक्त रकम बिनियोजन नभएको शर्शत शिर्षकबाट लेखेकोले नेपाल सरकारको सँचित कोषमा दाखिला हुनुपर्ने रु	३,४३,११३/-
	शशर्तं स्वास्थ्यतर्फ	
५०.	**खर्चको पुष्ट्याईः-** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ अनुसार खर्च लेख्दा बिल भरपाई सहितको रित पुगेको श्रेस्ता राख्नुपर्दछ । गाँउपालिकाले शशर्त स्वास्थ्यतर्फको खर्च लेख्दा निम्नुसार खर्च लेख्दा यथेस्ट आधार प्रमाण बेगर खर्च लेखेकोले स्पष्ट हुनुपर्ने रु	५,५०,०००/-

भौ.नं मिति	खर्च बिबरण	खर्च रकम	कैफियत
४९-०७४/९/२५	लापिलाँङ आयुर्बेद औषधालयका बरिष्ठ बैद्य परमेश्वर यादब दारा आयुर्बेदिक औषधि खरिद	२५००००	औषधि खपतको बिबरण सँलग्न गर्नुपर्ने
१५-०७५/३/२५	बडा नं ४ बाह्य खोप केन्द्रको लागी रकम निकाशा	३०००००	कार्यप्रगति तथा कार्यसम्पन्न प्रतिबेदन सँलग्न नभएको
		५५००००/-	

५१.	**पेश्की व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(१) अनुसार पेश्की माग गर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने र उपनियम ३ अनुसार समयमा बिल भरपाई पेश गरी पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्वास्थ्य तर्फको कार्यक्रम छ मापेश्की लिंदा खर्चको लागत अनुमान सहित विवरण पेश नगरी स्वीकृत कार्यक्रममा उल्लेख भएको वजेट रकम एकैपटक पेश्की माग गर्ने, फछ्यौंट गर्दा खर्चको तेरिज नबनाई पेश गर्ने, सशर्त, लिएको पेश्की आर्थिक वर्षको अन्त्यमा आएर मात्र फछ्यौंट गर्ने, समानीकरण तथा अन्य शीर्षकबाट समेत एकै प्रकृतिको कार्यक्रम स्वीकृत भएकोमा एकमुष्ठ	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	पेश्की लिई कार्यक्रम संचालन गरेको पाइयो । विभिन्न कार्यक्रम संचालन गर्नका लागि एकमुष्ठ पेश्की लिने व्यवस्थामा सुधार हुनुपर्दछ । साथै पेश्की लिने कर्मचारीले ढिला फछ्र्यौट गरेकोले सचेत गराई आर्थिक कार्यविधि नियमावली बमोजिम सूद समेत असुल गर्नुपर्दछ ।	
	सामाजिक सुरक्षा भत्तातर्फ	
५२.	जेष्ठ नागरिक अशक्त अपाँग, लोपोन्मुख जाति तथा एकल महिला सुरक्षा भत्ता : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२, बमोजिम यो वर्ष सामाजिक सुरक्षा शशर्तशिषर्कबाट रु१ .करोड ४७ लाख ६६ हजार खर्च गरेको देखियो । लेखापरिक्षणको क्रममा भत्ता पाउनेको स्रेस्ता पेश भएकोमध्ये २ योजनागत रुपमा बढि निकासा हुने क्रमश प्रथम र पाँचौ नम्बरमा पर्ने २ बटा बडाहरु २ र ५ नं छनौट गरि परीक्षण गरिएको छ । स्थानिय निकायले सामाजिक सुरक्षा भत्ता व्यबस्थापन कार्यबिधि अनुरुप लाभग्राहिको फोटोसहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । गाँउपालिकाले उपलव्ध गराएको :क्ष्न बिबरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । सो सम्बनधमा लेखापरीक्षणबाट व्यहोरा देहायबमोजिम रहेका छन ।	
५२.१.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको दफा २९ मा गाँउपालिका/नगरपालिकाले आफ्नो क्षेत्र भित्र वितरण गरिएको भत्ता चौमासिक/बार्षिक विवरण अध्यावधिक गरि अनुसुचि ८ बमोजिमको ढाँचामा स्थानिय बडाले गाँउपालीकामा पठाउनुपर्ने व्यवस्था छ । यस कार्यालयमा उक्त विवरण तयार गरिएको देखिएन । बडाको भरपाईहरुको जोडजम्मा नगर्ने तथा जिम्मेबार पदाधिकारीले बितरण भरपाईमा दस्तखत समेत नगरेकोले बितरण गरिएको रकम निर्देशिका बमोजिम बितरण गरिएको छ भनि यकिन गर्ने आधार भएन । कार्यविधिमा भएको व्यवस्थाको कार्यन्वयन भएको पाईएन । यसरि विवरण तयार नहुँदा विवरण अध्यावधिक नहुने र आन्तिरिक नियन्त्रणमा असर पर्ने देखिन्छ । कार्यविधिमा भएको व्यवस्थाको कार्यान्वयन हुनु पर्दछ ।	
५२.२.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको दफा १५ (ङ) अ मा उपदफा (२) मा तोकिएका दिनहरूमा भत्ता/वृत्ति/अनुदान भुक्तानी गर्दा गाँउपालीकाले ले प्रक्रिया मिलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ, प्रत्येक गाँउपालिकामा भत्ता/वृत्ति/अनुदान वितरण गर्दा वडा नागरिकमञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघसंस्थाका प्रतिनिधि र स्थानीय भद्रभलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति गाउँपालिकामा सूचना पाटीमा टाँस गर्ने र एक प्रति लेखा परीक्षणको लागि भर्पाईसँग राख्नु पर्ने उल्लेख छ । गाँउपालीका स्थित वडाहरुले सामाजिक सुरक्षा भत्ता वितरण गरेको मुचुल्का तयार गरि बडाको भरपाईसाथ सँलग्न गरेको पाईएन । जसले गर्दा बास्तबिक रुपमा लाभग्राहीले मात्र भत्ता बुझिलिएको बारेमा स्पष्ट रुपमा यकिन गर्ने आधार भएन ।	
५२.३.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ को दफा नं २७ मा स्थानिय निकायले भत्ता वृत्ति वितरण प्रक्रियाको निरीक्षण, अनुगमन गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरी अनुगमन गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाबाट त्यस्तो अनगुमन तथा निरीक्षण गरेको जनाउने प्रमाण पेश हुन आएन । जसले गर्दा कार्यबिधिमा उल्लेख भएबमोजीम हुनुपर्ने पारदर्शिता कायम भयो भन्नसक्ने आधार देखिएन ।	
५२.४.	**सामाजिक सुरक्षा समन्वय समिति** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	दफा ३८ मा प्रत्येक गाउँपालीका र नगरपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका गाउँपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नविकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन ।	
५२.५.	**पेश्की-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १५ (क) अनुसार नगरपालीकाले प्रथम चौमासिकको असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र तथा तेश्रो चौमासिक जेठ १ गतेबाट दोश्रो हप्ताभित्र भुक्तानी गरिसक्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालीकाले चौमासिक रुपमा पेश्की उपलब्ध गराई सेबाग्राहीलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनुपर्नेमा पहिलो चौमाासिक बापतको पेश्की रकम ९ बटै बडाका जनप्रतिनिधिहरुलाई उपलब्ध गराई फछ्र्यौट गरिएको भरपाई पेश गरेको छ। यसरि अनुगमन गर्ने व्यक्तीलाई नै पेश्की बापतको रकम उपलब्ध गराउनाले आर्थिक अनुसासन कायम नहुनुको साथै बास्तबीक रुपमा निर्देशिका बमोजिम भत्ता बितरण भएको छ भन्न सक्ने आधार भएन । प्रथम चौमासिकको पेश्की फछ्यौट पश्चात दोश्रो चौमाासिकको लागी मिति २०७४।११।१८ र दोश्रो चौमासिक लागी मिति २०७५।३। २५ मा बिभिन्न कर्मचारीहरुलाई पेश्की उपलब्ध गराएकोमा हालसम्म फछ्र्योट भएको छैन । कार्यालयले दोश्रो तथा तेश्रो चौमासिकको लागी पेश्की उपलब्ध गराँउदा सामाजिक सुरक्षा शर्शतबाट खर्च लेख्नुपर्नेमा बित्तिय समानिकरण खर्च शिर्षकबाट पेश्की दिएको छ । यसरी दिएको पेश्की निर्देशिकाबमोजिम बितरण गरि समयमै फछ्र्योट गर्नुपर्नेमा हालसम्म पनि फछ्र्यौट नगरकोले अभिलम्ब फछ्र्यौट गर्नुपर्ने अनियमित रु	२,९६,७२,०००/

भौ.नं.मिति	वडा नं.	पद	वडा सचिबको नाम,थर	सामाजिक सुरक्षा पेश्की रकम	किस्ता
१६८-२०७४/११/१८	१	हे.अ	अनिल बहादुर सिहं	१२००००.००	दोश्रो
,,	२	खरिदार	जिग्मी तमाङ	२२४०८००.००	दोश्रो
,,	३	हे.अ	राजकुमार पटेल	११३००००.००	दोश्रो
,,	४	म.वि.नि.	रमा देवी ओली	१४५०४००.००	दोश्रो
,,	५	म.वि.नि.	रमा देवी ओली	१५३४४००.००	दोश्रो
,,	६	हे.अ	भगवती अधिकारी	१५३८४००.००	दोश्रो
,,	७	ना.सु	भरत पौडेल	१४००८००.००	दोश्रो
,,	८	हे.अ	धिरेन्द्र चौधरी	२१४५६००.००	दोश्रो
,,	९	हे.अ	रेणु सुब्बा	२०६३२००.००	दोश्रो
१७०-२०७५/३/२५	१	हे.अ	अनिल बहादुर सिहं	१२२४०००.००	तेश्रो
,,	२	खरिदार	जिग्मी तमाङ	२२८७२००.००	तेश्रो
,,	३	हे.अ	राजकुमार पटेल	११६४८००.००	तेश्रो
,,	४	खरिदार	हस्त बहादुर रेग्मी मगर	१४७३६००.००	तेश्रो
,,	५	म.वि.नि.	रमा देवी ओली	१५५०४००.००	तेश्रो
,,	६	हे.अ	भगवती अधिकारी	१५६८८००.००	तेश्रो
,,	७	ना.सु	भरत पौडेल	१४३४८००.००	तेश्रो
,,	८	हे.अ	धिरेन्द्र चौधरी	२१८०४००.००	तेश्रो
,,	९	खरिदार	मुना वर्तौला	२०८४४००.००	तेश्रो

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
	जम्मा: २,९६,७२,०००/-	
५२.६.	**बैकमार्फत भत्ता बितरण:-**साथै सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरे अनुसार गाँउपालिकाले ग्रामिण इलाकामा बैकिङ्ग सुबिधा नभएको तथा सहजताको लागी उल्लेख गरि वडाले नगद बितरण गर्ने गरेको छ । नगद बितरण गर्दा पेश्की लगेर सम्बन्धीत व्यक्तीले ढिलो बितरण गरिदिने , सम्बन्धीत व्यक्तीलाई नै नभई परिबारका सदस्यलाई समेत दस्तखत गराई रकम उपलब्ध गराउन सक्ने भएकोले बास्तबिक लाभग्राहीले भक्ता प्राप्त गर्न नसक्ने समेत देखिन्छ । घरदैलामा नै भक्ता वितरण गर्दा नियन्त्रण तथा सन्तुलनको अवस्था नरहेबाट सामाजिक सुरक्षामा भएको वार्षिक खर्चमा आश्वस्त हुने आधार देखिएन । नियमानुसार बैकिङ्ग प्रणाली मार्फत भत्ता वितरण गर्नुपर्दछ ।	
५३.	**आन्तरीक आम्दानी :-** आर्थिक कार्यबिधि नियमाबली २०६४को नियम ३६ अनुसार खर्च । आम्दानी पुष्टि हुने गरि प्रमाण राख्नुपर्ने व्यबस्था रहेको छ गाँउपालिकाले यो बर्ष रु २४,१०,०००।- आन्तरीक आम्दानी गरको देखाएको छ । आन्तरीक आम्दानी गर्दा राख्नुपर्ने निम्नानुसार खाता एबं अभिलेख नराखेकोले त्यति नै आम्दानी हो भनि यकिन गर्न सक्ने आधार भएन । साथै निर्धारित समयाबधीभित्र दाखिला गरेको छ ,छैन बिबरण पेश नभएकाले यकिन गर्न सकिएन। गाँउपालिकाले आम्दानी बिबरण पेश नभएकोले कार्यालयले अभिलेख व्यबस्थीत गरि आम्दानी एकिन गनुपर्ने देखिएको रु	२४,१०,०००/-

सि.नं	बिबरण
१	आन्तरीक आयमा प्रयोग हुने रसिदको छपाई, आम्दानी , खर्च र बाँकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता व्यबस्थीत नराखेको
२	बडालाई बुझाएको रसिद फिर्ता लिई आम्दानी एकिन नगरको
३	राजस्व असुली को दैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ मा बिबरणहरु व्यवस्थीत रुपमा उल्लेख गरि नराखेको
४	आम्दानी असूली एबं दाखिला म.ल.प.फा.नं २३ नराखेको
५	बडालाई बुझाएको रसिद नं बुझाएको अभिलेख अनुसार भिड्न नआएको

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु
५४.	पेश्की फछ्यौट:- आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ मा पेश्की लिने र तोकिएको अवधिमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न पदाधिकारीहरुले लिएको पेश्की आर्थिक बर्षको अन्त्य सम्म पनि फछ्र्यौट नगरेकोले अविलम्ब फछ्र्यौट गर्नु पर्ने रु.	

शिर्षक	पेश्की लिनेको नाम	रकम रु	
८०१५४८३	ले.पा कुमार पोखरेल	३०००००	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा				रकम रु
	,,	राम ब बली	३०००००		१९,०४,६००/
	शर्शत स्वास्थ्य	स्वास्थ्य सँयोजक	५५००००		
	,,	हे.अ धिरेन्द्र कु चौधरी	७५४६००	-	
		जम्मा	१९,०४,६००/-		
५५.	**बित्तिय जवाफदेहिता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी बित्तिय जबाफदेहिता बहन गर्नु पर्ने देखिन्छ । यसैसाथ सँलग्न अनुसुची १ मा उल्लेखित बित्तिय जबाफदेहिताका सुचक को आधारमा कार्यालयको बित्तिय जबाफदेहिताको स्थिति मुल्याङ्कन गर्दा संगठन संरचना तथा कार्य विवरण एबं जिम्मेबारी स्वीकृत नभएको, आन्तरीक नियन्त्रण प्रणाली स्वीकृत नगरेको,कार्यक्रम संचालन तथा बजेट खर्च कम भएको, बेरुजु लगत तथा फछ्र्यौटको स्थीति शुन्य रहेको, नागरिक बडापत्र नरहेको तथा सेवा प्रबाहको गुणस्तरीयता अभिबृदिको उपायमा कमजोर रहेको, आदी कारणबाट ग्रेड **C** मा पर्न गएको देखिन्छ । अत बित्तिय जबाफदेहिताका मुख्य पक्षहरु व्यबस्थापकीय, बित्तिय व्यबस्थापन, सेवा प्रबाह तथा खरिद व्यबस्थापन र ठेक्का सम्झौता कार्यान्बयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।				
५६.	**बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु २३ लाख ६९ हजार, अनियमित बेरुजू रु १ करोड २० लाख ६४ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु २ करोड २६ लाख ३३ हजार रपेश्की बेरुजु रु ३ करोड ६१ लाख ७७ हजार समेत रु. ७ करोड ३२ लाख ४४ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट प्रतिकृया प्राप्त भएको छैन ।				
५७.	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : रु हजारमा				

गत वर्षको बेरुजू रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
४१९०	०	४१९०

५८.	**अद्यावधिक बेरुजू स्थिति :** पालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : रु हजारमा				

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) ©	यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)	यो वर्षको कायम बेरुजू रु. (E)	बाँकी (F=C+D+E)
४१९०	०	७३२४४	७७४३४

अनुसूची– १७

कालिञ्चोक गाँउपालिका दोलखाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	दोलखा	कालिञ्चोक गाँउपालिका	३७	२६	७३२४४	०	०	०	३७	२६	७३२४४	२३७०	१२०६५	२२६३३			३४६९८		३६१७६	३६१७६

अनुसूची- १

स्थानीय तह सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७४।७५

प्रदेश नम्बर :- ३

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	कालिञ्चोक गाँउपालिका	दोलखा	६२४१	१७०३३४	१५०९३०	२४१०	३२३६७४	१७८६२६	११३९३०	१६३८	२९४१९४	३५७२१